**Humanities and Social Sciences Journal**, Volume 14, Number 1, 2022, pp. 153–163

# राजतन्त्रको अन्त्यमा नेपाली मिडियाको भूमिका

**जगत् नेपाल ***

## सारसङ्क्षेप

प्रस्तुत अनुसन्धानात्मक लेख नेपालमा राजतन्त्रको अन्त्य र मिडियाले खेलेको भूमिकावारे केन्द्रित छ । यो अध्ययनको उद्देश्य २००७ सालको क्रान्तिदेखि २०६५ जेठ १५ मा गणतन्त्र घोषणा हुँदासम्मका घटनाक्रमको विश्लेषण गर्दै राजतन्त्रले कसरी प्रत्यक्ष वा परोक्षरूपमा आफ्नै अवशनका लागि मिडियालाई भूमिका निर्वाह गर्न बाध्य पाऱ्यो भन्ने दर्साउनु नै हो । पटकपटक राजनीतिक परिवर्तन भए पनि दरबारको षड्यन्त्र र जालभ्फेलका कारण मुलुकमा राजनीतिक स्थायित्व कायम हुन सकेन । राजाहरूको ध्यान सधैँ कसरी राजनीतिक शक्तिहरूलाई लडाउने, भिडाउने र जनताका प्रजातान्त्रिक अधिकार खोसेर दरबारलाई बलियो बनाउने भन्नेमै केन्द्रित हुन थाल्यो । यस क्रममा मिडियालाई सधैँ तारो बनाइयो । त्यही कारण मिडियाले दरबारका गलत क्रियाकलाप र जनाधिकार खोस्न भएका प्रयासबारे जनतालाई सुसूचित गर्ने र जनाधिकारको पक्षमा लड्न प्रेरित गर्ने खालका सामग्रीलाई प्राथमिकता दियो । २०५८ जेठ १९ को दरबार हत्याकाण्डमा राजा वीरेन्द्र र उनको वंश नास भएपछि गद्दीको उत्तराधिकारी बनेका ज्ञानेन्द्रप्रति आम नेपालीको विश्वास थिएन । मिडियाले त्यो वेलाको यथार्थ चित्रण गरिदियो । राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा शासनसत्ता हातमा लिए लगत्तै सेना परिचालन गरी मिडियामा कडा सेन्सरसिप सुरु गरे । मिडियाले तत्काल सशक्त विरोध जनाउन नसके पनि राजनीतिक दलहरूको आन्दोलनलाई बल पुग्ने गरी राजाको विरोधमा जनमत बनाउने काम गऱ्यो । त्यसैको परिणाम हो, २०६२-०६३ को जनान्दोलन, संविधानसभा निर्वाचन, राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा ।

*शब्दकुञ्जी:* गणतन्त्र, प्रेस स्वतन्त्रता, मिडिया, राजतन्त्र, लोकतन्त्र, सेन्सरसिप

## विषय परिचय

समाज परिवर्तन र रूपान्तरणमा मिडियाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालमा पनि २०४६ को जनान्दोलनबाट पञ्चायती व्यवस्थाको अन्त्य गर्दा होस् वा २०६२/०६३ को जनान्दोलनबाट शाही शासन समाप्त पार्दा मिडियाले आम जनतालई सुसूचित गर्ने, शिक्षा दिने र अधिकारका पक्षमा लड्न अभिप्रेरित गर्ने दायित्व निर्वाह गरेको थियो (त्रिपाठी, २०७९ भदौ ८, अन्तर्वार्ता) । निरङ्कुश शासन व्यवस्थाको अन्त्यका पक्षमा जनमत बनाउन मिडियाको सशक्त र हस्तक्षेपकारी भूमिका रहेको थियो । त्यसैगरी २००७ सालपछि नेपाली जनतासँगको सहमति र बाचा विपरीत संवैधानिक सीमा नाघेर पटकपटक जनाधिकार खोसेकाले २०६५ जेठ १५ मा राजतन्त्र सदाका लागि बिदा हुन पुगेको थियो (विरही, २०७९ भदौ ४, अन्तर्वार्ता) । नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाको मुद्दा स्थापित गराउन पनि नेपाली मिडियाले लोकतन्त्र स्थापना लागि अगुवाइ गरिरहेका राजनीतिक शक्तिहरूको मार्गप्रशस्त गर्न सशक्त भूमिका निर्वाह गरेको थियो ।

* *उपप्राध्यापक, पत्रकारिता तथा आमसञ्चार विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।*
*इमेल : jagatnepal@gmail.com*

## सैद्धान्तिक आधार

विश्वमा भएका युगान्तकारी राजनीतिक र सामाजिक परिवर्तनका क्रममा जनतालाई जागरुक बनाउन नेताहरूले मिडियाको भरपुर उपयोग गरेको पाइन्छ । लेनिनले रुसी क्रान्ति (सन् १९१७) को पक्षमा सैद्धान्तिक बहस चलाउन मिडियालाई उपयोग गरेका थिए (नेपाल, २०५७, पृ. ३) । त्यसै गरी महात्मा गान्धीले भारतीय स्वतन्त्रता सङ्ग्रामका क्रममा योङ इन्डिया र हरिजन जस्ता पत्रिकामा लेख प्रकाशन गर्ने गरेका थिए। गान्धीको उद्देश्य पत्रकारिताको विकास थिएन। अङ्ग्रेजहरूलाई भारतबाट फिर्ता गराउने मिसनका लागि जनतालाई जागरुक गराउन उनले मिडियाको भरपुर उपयोग गरेका थिए (खरेल, २०१०, पृ. १९) चीनमा माओ त्से तुङ्गले कम्युनिस्ट विचारधाराको प्रचारप्रसार गरी क्रान्ति सफल बनाउन र त्यसको सन्देश फैलाउन मिडियाको उपयोग गरेका थिए (नेपाल, २०५७, पृ. ३) । नेपालमा पनि आमसञ्चार माध्यमको विकास र विस्तारसँगै नागरिक अधिकार र अभिव्यक्ति स्वतन्त्रताको जग सुरु भएको हो ।

दोस्रो विश्वयुद्धपछि संसारमा मिडियाको सर्वशक्तिमान अवधारणालाई लाजर्सफेल्डको दुई तहको प्रवाहसम्बन्धी सिद्धान्तले खण्डित गरेको भए पनि मिडियासँगको विमर्शबाट उत्सर्जन हुने शक्तिको सिद्धान्तलाई सधैँ स्वीकार गरिएको पाइन्छ ।

बारान र डेभिस (२००४) लजर्सफेल्डको अवधारणाका सम्बन्धमा लेख्छन्ः सन् १९५० को मध्यसम्म आइपुग्दा लजर्सफेल्ड र अन्य मिडिया अनुसन्धानकर्ताहरूले कम्प्युटरका माध्यबाट ठुलो मात्रामा मानक डाटा उत्पन्न गरी त्यसको अध्ययनबाट मिडिया डर वा आशा गरे जस्तो शक्तिशाली थिएनन् भन्ने निष्कर्ष निकाले । त्यो अध्ययनबाट पत्ता लागेको अर्को विषय थियो, मानिसहरूसँग मिडिया प्रभावको प्रतिरोध गर्ने धेरै तरिकाहरू थिए र तिनीहरूको मनोवृत्ति, परिवार, साथीहरू र धार्मिक समुदाय जस्ता धेरै कारणहरूले गर्दा तिनले आकार दिन सकेका थिएनन् । विघटनकारी सामाजिक शक्तिको रूपमा सेवा गर्नुको सट्टा, मिडियाले प्रायः विद्यमान सामाजिक प्रवृत्तिहरूलाई सुदृढ पार्ने र यथास्थितिलाई चुनौती नदिएर बलियो बनाउने गरेको देखिन्छ (पृ. ३०) मक्वाइल (२०६७) का अनुसार आमसञ्चार माध्यमले सामाजिक संरचनाका अन्तर्वस्तुमा बलियो प्रभाव पर्छ भन्ने अवधारणालाई आदर्शवादी धारमा वर्गीकृत गरेका छन् (पृ. ८०) । वाट्सन (२००४) का अनुसार हान्स म्यागनस एन्जेन्सवर्गरको मिडियाको मुक्तिकामी प्रयोगसम्बन्धी मोडेललाई संसारका सबै भूभागमा उत्तिक्कै उपयोगी ठहर्‍याएका छन् ।

वाट्सन् उल्लेख गर्दछन् : इन्जेन्सवर्गरको विश्वभरका मिडियाको विश्लेषणका लागि उपयोगी छ। दमनकारी राजनीतिक व्यवस्थामा मिडिया उपभोक्ताको शक्तिलई कम आँकलन गरिनु हुँदैन । सार्वजनिक मञ्च, मिडिया र सडकमा उठेका जनावाजलाई कानुन र प्रहरी प्रशासनको बलमा दमन गरिए । जनता त्यसको विरुद्धमा उत्रिन सक्छन् । त्यस्तो अवस्थामा प्रेस स्वतन्त्रताको प्रयोग यसमाथिको दमन विपरीत हुन्छ (वाटसन, २००४, पृ. ६८) ।

नेपालमो सन्दर्भमा पनि राजाले असंवैधानिक रूपमा प्रजातन्त्र समाप्त गरी प्रेसमाथि आक्रमण गरेका कारण नेपाली प्रेस राजतन्त्र विरुद्ध उभिएको देखिन्छ ।

## अध्ययन विधि र सीमा

प्रस्तुत लेख पूर्व प्रकाशित सामग्रीहरूको अध्ययन, उद्देश्यमूलक अन्तर्वार्ता, पत्रपत्रिकामा प्रकाशित सामग्रीहरूको अध्ययनमा आधारित छ । प्रस्तुत अध्ययनमा २००७ सालको क्रान्तिदेखि २०६५ जेठ १५ मा गणतन्त्र घोषणा हुँदासम्मका विषयवस्तुलाई समावेश गरिएको छ । विशेष गरी २०५८ जेठ १९ को दरबार

हत्याकाण्डपछिका दिनहरूमा राजतन्त्रप्रतिको आस्था घट्दै गएको, नयाँ राजा ज्ञानेन्द्रले शासनसत्ता हातमा लिएपछि सेना लगाएर मिडियामा कडा सेन्ससिप लगाएको, शाही कदमको विरोधमा रहेका मिडियामाथि आर्थिक नाकावन्दी लगाएको जस्ता कारणले नेपाली मिडिया राजतन्त्रको विपक्षमा उभिएका कारण नेपालमा गणतन्त्रको पक्षमा जनमत बनेको विषयमा केन्द्रित छ ।

**नेपालमा राजनीतिक व्यवस्था परिवर्तनमा मिडिया**

मिडिया समाजको ऐना हो । समाजमा भए गरेका घटनाबारे आम जनतालाई सुसूचित गर्ने, शिक्षा, मनोरञ्जन र अभिप्रेरणा दिने मुख्य भूमिका यसले निर्वाह गरेको हुन्छ । राजनीतिक, सामाजिक मुद्दामा बहस सृजना गर्ने, सरकार र सरोकारवालाहरूबाट भएका कामकारबाहीको तथ्यमा केन्द्रित रहेर स्वास्थ्य आलोचना गर्ने, विकृति, विसङ्गति विरुद्ध धावा बोलेर परिवर्तनका लागि सघाउने दायित्व पनि मिडियाको हुन्छ (म्याक्वेल, २०६७, पृ. ८२) ।

मिडियाले समाचार र विचारको प्रवाह मात्र गर्दैन, पाठक, श्रोता, दर्शकका मुद्दा स्थापित गर्दै समाजलाई मार्गनिर्देशन गर्छ, आफ्ना मुद्दा स्थापित गराउँछ र समाजलाई के विषयमा सोच्न लगाउने भन्ने कुराको निर्धारण समेत गर्दछ ।

मिडियाले एकातिर सत्य, तथ्य र विश्वसनीय सूचना प्रवाह गरी जनतालाई सुसूचित गर्दछ भने अर्कोतिर शासक वर्गलाई खबरदारी गर्दै गलत बाटोमा नजान खबरदारी गर्दछ ।

फ्रान्सका सम्राट तथा सैनिक जेनरल नेपोलियन बोनापार्टका अनुसार चार ओटा विरोधी पत्रिका, चार हजार सशस्त्र सैनिकभन्दा पनि डरलाग्दा हुन्छन् (देवकोटा, २०५९, पृ. १६)।

कुनै समय शस्त्रलाई शक्तिशाली मानिन्थ्यो । आजको युगमा पत्रकारिताको शक्ति असिमित छ । नेतालाई आफ्ना कुरा जनतामा पुऱ्याउन, व्यापारीलाई आफ्ना सामान र सेवाको विज्ञापन गरी बजार प्रवर्धन गर्न मानिसहरूलाई ख्याति र प्रतिष्ठा बढाउन मिडियाविना असम्भव प्रायः भइरहेको छ ।

मिडिया आफ्नो व्यावसायिक धर्म निर्वाह गर्न सकेको खण्डमा मात्र त्यसले सामाजिक उत्तरदायित्व बहन गर्न सक्छ । यसलाई समाजको पहरेदार, तेस्रो आँखा र राज्यको चौथौं अङ्ग मानिएको छ । परिवर्तनका वेला मिडियाको अझै बढी भूमिका रहेको हुन्छ । प्रथम विश्वयुद्धपछि जर्मनी सेनापति समेत वेलायतको विजय गराउन त्यहाँका प्रधानमन्त्रीकोभन्दा लण्डन टाइम्स पत्रिकाको ज्यादा हात छ थियो भन्ने ठान्दथे (२०६० : ३३८) । नेपालमा पनि २००७ को क्रान्तिदेखि राणा, पञ्चायत र राजतन्त्रको अन्त्यका पक्षमा जनमत बनाउन मिडियाले सशक्त र महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

**नेपालको राजनीतिक परिवर्तनमा मिडिया**

मुलुकको पहिलो राजनीतिक दल नेपाल प्रजापरिषद् स्थापना हुँदा सरकार नियन्त्रित गोर्खापत्र बाहेक कुनै पत्रिका थिएनन् । *गोर्खापत्र*मा शासकको प्रसंशा बाहेक विरोधीले स्थान पाउने कल्पना बाहिरको कुरा थियो । त्यसैले प्रजापरिषद्का एक सदस्य दशरथ चन्द पटना (भारत) गएर ‘जनता साप्ताहिकमा सेवा सिंहका नामले राणा विरोधी लेख रचना छपाउन थालेका थिए । त्यो पत्रिकामा छापिएका नेपाल सम्बन्धी समाचार र विचारका कटिङ उनी काठमाडौंमा रहेका रोलवाला राणा र प्रभावशाली व्यक्तिहरूको नाममा हुलाकमार्फत पठाउने गर्दथे । जीवनमा कहिल्लै आफ्नो विरोध नदेखेका, नसुनेका राणाहरू पत्रिकामा प्रकाशित सामग्री देखेपछि अत्तालिन थाले । अर्कोतिर

त्यसरी पठाइएका पत्रिकाका कटिङ एकबाट अर्को, अर्कोबाट अर्को हुँदै च्यातिएर पढ्नै नमिल्ने नहुँदासम्म धेरै मानिसहरू कहाँ पुग्न थाल्यो (जोशी, २०४८, पृ. ७६) । यसरी नेपाली जनतालाई राणाहरूको अन्याय, अत्याचार विरुद्ध जागरुक बनाई परिवर्तनको आधार निर्माण गर्न भारतीय मिडियाले भूमिका निर्वाह गरेको पाइन्छ ।

**२००७ सालसम्म प्रकाशित पत्रपत्रिकाको अवस्था**

| साल (वि.सं) | सङ्ख्या | पत्रिकाको किसिम | नाम |
|---|---|---|---|
| १९५५ | १ | मासिक | सुधासागर |
| १९५८ | १ | साप्ताहिक | गोर्खापत्र |
| १९९१ | १ | साप्ताहिक | गोर्खापत्र |
| १९९५ | १ | साप्ताहिक | गोर्खापत्र |
| २००० | १ | अर्ध साप्ताहिक | गोर्खापत्र |
| २००४ | ५ | पाक्षिक २, मासिक ३ | |
| २००७ | ५ | दैनिक १, साप्ताहिक ३, मासिक १ | |

*श्रोतः* नेपालको छापाखाना तथा पत्रिपत्रिकाको इतिहास, ग्रीष्मबहादुर देवकोटा, पृ.४०

२००७ सालको क्रान्तिमा विद्रोही नेपाली काङ्ग्रेसले सञ्चालन गरेको रेडियोले राणा शासनको अन्त्यका लागि ठुलो सहयोग पुऱ्याएको थियो ।

**२००७ सालको क्रान्तिमा रेडियाको प्रयोग**

क्रान्तिकारीहरूले राणा फौजसँग लड्न हतियार बाहेक रेडियोको पनि राम्रै उपयोग गरेका थिए । लडाइ चलिरहँदा मुक्ति सेनासँग गोलीको स्टक सकिएको थियो । दुई वा तीन त्योभन्दा बढी गोली कसैसँग पनि थिएन (कोइराला, २०६१, पृ. ५७) । राणाहरूले आक्रमण गरिहाले पनि प्रतिकार गर्ने क्षमता विद्रोहीसँग थिएन । त्यही वेला भोजपुरका क्रान्तिकारीहरूले रेडियो सेटमा बोलेको आवाज सुनियो-हैलो भोजपुर...भोजपुर । 'तपाईंहरू निश्चिन्त रहनोस् । हाम्रा सिपाहीहरू उत्साही छन् । विराटनगरबाट गई तमरमा रोकिएका सिपाहीहरूलाई हामी यताबाट मदत पुऱ्याउँछौ, पश्चिमबाट हमला गर्छौं' (कोइराला, २०६१, पृ. ५८) । नुन खाएको कुखुरा जस्तो भइसकेका मुक्ति सेनाका कमान्डरहरूलाई भोजपुरको सन्देशले एकै पटक कैयौं भोल्टको ऊर्जा थपिदिएको थियो । दोस्रो विश्वयुद्धबाट फर्किएका सिपाहीले भोजपुर कब्जा भएको पाँचौं दिनबाट रेडियो प्रसारण थालेका थिए (गौतम, २०५५, पृ. ३५१) । राणाकालका आकाशवाणी वायरलेसको प्रयोग गरी तयार गरिएको रेडियो स्टेसनबाट आएको त्यो सन्देशले विराटनरका क्रान्तिकारीहरूलाई ठुलै शक्ति प्राप्त भयो ।

भर्खर युद्व मोर्चाबाट आएकाले तारिणीप्रसाद कोइरालाको काँधमा कारबाइन बन्दुक भुन्डिएकै थियो । उनलाई लाग्यो 'मानौं एकै पटक उनले लाखौं गोली पाएका छन् । आवाजले गोलीको काम गऱ्यो । यही आवाज किन प्रयोग नगर्ने उनी वायरलेस अफिसमा छिरे' (कोइराला, २०६१, पृ. ५८) । क्रान्तिकारीहरू राणाको सेनालाई 'स्याल' भन्ने गर्थे । अब उसले स्वाद चाख्ने भयो । वायरलेस हातमा लिएर थ्याच्च कुर्सीमा बसे । जोडले कराउँदै तारिणीले सेटमा भने 'हैलो भोजपुर । यहाँको मोर्चा पनि बलियो छ । सम्भवतः आज हामी शत्रुको मोर्चा

भित्र पस्छौ । भोलि उज्यालो हुँदासम्म विराटनगर हाम्रो कब्जामा आइसक्ने छ । त्यसपछि कोशी तर्ने बन्दोबस्त गरिनेछ । आज एक्कासि शत्रुको मोर्चामा हमला गर्ने योजनामा छौँ (कोइराला, २०६१, पृ. ५८) ।

मुक्ति सेनामा भर्ना हुनका लागि ३०० स्वयम्सेवकले नाम लेखाई सकेको र उनीहरूलाई बन्दुक बाड्ने तयारी गरेको सन्देश रेडियोबाट प्रसारण भएको थियो । प्रजातन्त्र रेडियामा प्रसारण भएको सन्देशमा भनिएको थियो “पहिला गोलीको कमी थियो, अब त्यो पनि पूरा भयो । अब हामी भोलि या पर्सि धनकुटामा भेटौँला । जय नेपाल ” (कोइराला, २०६१, पृ. ५५) । रेडियोमा प्रसारित त्यही सूचनाका कारण राणाको फौजले आक्रमण गर्न सकेन । त्यसको भोलिपल्ट २००७ मङ्सिर २८ गतेदेखि क्रान्तिकारीहरूले नियमित प्रसारण सुरु गरेका थिए । जसमा “यो प्रजातन्त्र नेपाल रेडियो हो । हामी मुक्तिसंग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौँ”(कोइराला, २०६१, पृ. ५५) भनिएको थियो । प्रजातन्त्र रेडियो नेपालले पहिलो पटक प्रसारण गरेको सन्देश यही थियो । क्रान्तिकारीहरूले चलाएको रेडियोले सशस्त्र क्रान्तिमा उत्साह मात्र थपेन राणाहरूको अत्याचारबारे जनतालाई जागरुक बनाएर शासकको होसहवास समेत उडाई दिएको थियो । राणा विरोधी आवाज सुन्न नसकेर कमान्डर इन चिफ बबर शमशेरले रेडियोलाई लात्ताले हानेर चकनाचुर बनाइ दिएका थिए । अर्कोतिर आम जनता क्रान्तिकारी रेडियो सुन्न उत्सुक हुन्थे । काठमाडौँका पसलहरूमा रेडियो सुन्नेहरूको ठुलो भिड लागेपछि एकदुई पटक पुलिसले लाठी चार्ज समेत गर्नु परेको थियो (कोइराला, २०६१, पृ. ६१) ।

प्रजातन्त्र नेपाल रेडियोबाट एक दिन प्रसारण भएको समाचार यस्तो थियो ‘आज हाम्रो मुक्ति सेनाले १४ दिनदेखि घेरामा पारेर राखेको शत्रुको गढलाई छिन्नभिन्न पारी सम्पूर्ण विराटनगर आफ्नो कब्जामा पाऱ्यो । अब मोरङ जिल्लाको एक इञ्च भूमि पनि शत्रुको हातमा छैन (कोइराला, २०६१, पृ. ६५) ।

क्रान्ति उत्कर्षमा पुगेपछि भारतको मध्यस्थतामा राजा, राणा र काङ्ग्रेसबिच त्रिपक्षीय वार्ता सहमति भएर प्रजातन्त्र स्थापनाको वातावरण बन्यो । त्यो क्रान्ति सफल बनाउन मिडियाले कति काम गरेको थियो भन्ने कुरा राणाका तर्फबाट वार्ताका लागि दिल्ली खटिएका केशर शमशेर जबराको भनाइबाट पुष्टि हुन्छ । जबराले वक्तव्य जारी गर्दै भनेका थिए ‘‘प्रेस ट्रस्ट अफ इन्डियाको रिपोटिङको आवाज काङ्ग्रेसका विद्रोहीको गोलीभन्दा बढी सुनिन्छ’’ (कोइराला, २०६७, पृ. १६९) । त्यसै गरी प्रधानमन्त्री मोहन शमशेरका छोरा विजय शमशेरले भनेका थिए ‘‘भारतीय प्रेसमा काङ्ग्रेसी बन्दुकभन्दा बढी आवाज निस्कन्छ’’ (कोइराला, २०६७, पृ. १३७) । क्रान्ति सफल भएपछि राजा त्रिभुवनले गद्दीको अधिकार प्राप्त गरेका थिए । पहिलो पटक मिडियाले प्रेस स्वतन्त्र प्राप्त गऱ्यो ।

**प्रजातान्त्रिक कालमा मिडिया (२००७-२०१७)**

२००७ सालको क्रान्ति सफल भएको भोलिपल्ट फाल्गुण ८ गतेबाट सिद्धिचरण श्रेष्ठको सम्पादनमा आवाज दैनिक पत्रिका प्रकाशन भएको थियो । यो नै नेपालको पहिलो दैनिक पत्रिका थियो (देवकोटा, २०५९, पृ. ३४) । प्रजातन्त्र स्थापना भएपछि मात्र नेपाली प्रेसले स्वतन्त्रता उपभोग गर्न पाएको हो । नेपाल अन्तरिम शासन विधान २००७ ले वाक् तथा प्रकाशन स्वतन्त्रताको ग्यारेन्टी गरेपछि पत्रपत्रिकाको प्रकाशनमा व्यापक उत्साह देखियो । तर तिनको निरन्तरतामा कसैको ध्यान जान सकेन (नेपाल, २०५७, पृ. ४) । राजनीतिक खेलाडीहरूको राजनीतिक आवश्यकता, उनीहरूको महात्त्वाकाङ्क्षाको तरङ्ग र रुचिका लागि पत्रपत्रिका प्रकाशन गर्ने क्रम अगाडि बढ्दै थयो ।

प्रेसको धर्म नै हो, अलोचना । तर यो कालखण्डमा नेपाली पत्रकारिताले तथ्यविना आफू निकट दलको समर्थन र विरोधीको तिखो आलोचना गऱ्यो । त्यसलाई व्यावसायिक बनाउन सकेन । कारण थियो, अधिकांश पत्रिका राजनीतिक दल र विभिन्न सङ्घ संस्थाको आर्थिक सहयोगमा उनीहरूको मुखपत्रकै रूपमा सञ्चालन हुनु । दलकै प्रेरणा र आर्थिक सहयोगमा सञ्चालन हुनु ( पाठक, २०७०, पृ. ५४) ।

अधिकांश पत्रिका राजनीतिक दलको प्रचार साधन बने र बनाइए । जसमा नेपाल पुकार र नव नेपाल (नेपाली काङ्ग्रेस), आलोक र राष्ट्रिय प्रजा सन्देश (राष्ट्रिय प्रजा पार्टी), नयाँ बाटो (नेपाली राष्ट्रिय काङ्ग्रेस), जनवाणी (नेपाल प्रजापरिषद्), नवयुग (नेपाल कम्युनिस्ट पार्टी), राँको (नेपाली जनवादी प्रजातन्त्र सङ्घ), नयाँ मोड (नेपाल प्रजातान्त्रिक महासभा), प्रतिभा (अखिल नेपाल महिला सङ्गठन), राष्ट्रिय प्रजा सन्देश (नेपाल राष्ट्रिय प्रजा पार्टी), राष्ट्रवाणी (राष्ट्रवादी गोर्खा परिषद्) राजनीतिक दलहरूले नै चलाएका थिए (देवकोटा, २०५९, पृ. ९४-९६) ।

संवैधानिक ग्यारेन्टीका कारण २००७ देखि २०१७ सालका बिचमा २८१ ओटा पत्रिका प्रकाशित भएका थिए । जसमा ७१ ओटा साप्ताहिक पत्रिका थिए । यो कालखण्डमा पत्रपत्रिको सङ्ख्या त बढ्यो तर व्यावसायिक पत्रिकारिताको विकास हुन सकेन । केही अपवादलाई छोड्ने हो भने अधिकांश पत्रिका कुनै दलका मुखपत्र मात्रै थिए । पत्रकार किशोर नेपाल लेख्छन् - भन्नलाई निष्पक्ष भन्न रुचाउने तर राजनीतिक आग्रह अनुसार प्रस्तुत हुने सङ्क्रामक रोगबाट तत्कालीन पत्रकारिता निकै प्रभावित थियो (२०५७, पृ. ५) । नेपाली पत्रकारिताले प्रजातन्त्र स्थापनाको मिसन लिएको युग थियो त्यो । त्यसैले पनि आफू समर्थकलाई आँखा चिम्लनेले समर्थन गर्ने र विपक्षीको आलोचना गर्नु नै त्यो युगको पत्रकारिताको विशेषता बन्न पुग्यो (दीक्षित : २०६३ असोज २४, अन्तर्वार्ता) । जनताले प्रजातान्त्रिक अधिकारको उपभोग गर्न पाए तर नेपाली मिडिया परिपक्व हुन नपाउदै २०१७ साल पुस १ मा सैन्य बलमा राजा महेन्द्रले प्रजातन्त्रको हत्या गरी निरङ्कुश व्यवस्थाको सूत्रपात गरे ।

## पञ्चायतकालमा मिडिया (२०१७-२०३६)

वि.सं.२०१७ साल पुस १ गतेको कुपछि राजनीतिक दलमाथि प्रतिबन्ध लगाइयो । राजा र पञ्चायत विरोधी पत्रिका बन्द गरिए । छापाखाना तथा प्रकाशन सम्बन्धी ऐनमा पटकपटक संशोधन गर्दै राजा र पञ्चायतको आलोचना गर्न प्रतिबन्ध लगाउने प्रावधान राखेर धेरै पत्रिकामाथि कारबाही गरियो । पत्रकारितामा राजा र पञ्चायतको गुणगान गर्ने संस्कृति स्थापित गर्न खोजियो (खड्का, २०७७, पृ. २१) । त्यसैले २०३६ सालसम्म आइपुग्दा पत्रिकाको सङ्ख्या बढ्न सकेन । प्रेस काउन्सिलको प्रतिवेदन २०३७-२०३८ अनुसार त्यो वेलासम्म नेपालमा २३ दैनिक ५९ साप्ताहिक र २ पाक्षीक गरी जम्मा ८४ पत्रिका प्रकाशित भएका थिए ( पाठक, २०७०, पृ. ५९) । तत्कालीन राजा वीरेन्द्रले २०३६ सालमा सुधारिएको पञ्चायत र बहुदलीय व्यवस्थामध्ये कुनै एक रोज्ने गरी जनमत सङ्ग्रह घोषणा गरेपछि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता खुकुलो भयो । यो कालखण्डमा व्यक्तिगत वा दलगत आधारमा निश्चित 'मिसन' बोकेर पत्रकारिता गरेको पाइन्छ । तर जनमत सङ्ग्रहमा बहुदल पक्ष पराजित भएपछि प्रेस स्वतन्त्रतामा पुनः अङ्कुश लगाइयो । २०४६ सम्म आइपुग्दा नेपालमा ४८१ ओटा पत्रिका दर्ता भएको देखिन्छ (पाठक, २०७०, पृ. ६१) ।

पञ्चायती व्यवस्थाको कटु आलोचना गर्ने पत्रिका समेत आफ्ना समाचार सामग्रीका कारण राजा र राजपरिवारमाथि असर नपरोस् भनेर सचेत रहन्थे । राष्ट्रपुकार साप्ताहिकका सम्पादक दाहालका अनुसार सिधै नभएर साङ्केतिक रूपमा राजा, राजपरिवारका सदस्यहरूको आलोचना गर्ने र प्रजातन्त्रको पक्षमा जनमत बनाउन राजा निकटका पञ्चहरूलाई निसाना बनाउने मिसन त्यो वेलाको पत्रकारिताले बोकेको थियो (दाहाल, २०७९ भदौ २, अन्तर्वार्ता) ।

नेपाल (२०५७) का अनुसार -२०३६पछि नेपाली प्रेसजगत्मा गुणात्मक सुधार हुँदै गयो । शिक्षित र बौद्धिक समूहको चासो बनेको प्रेस विस्तारै जनताका बिचमा समेत प्रभावकारी हुँदै जान थाल्यो (पृ. ९) । जनमत सङ्ग्रह पछिका दिनमा नेपाली प्रेसले मुख्यत तीन वर्गका एजेन्डालाई प्राथमिकता दिन थाल्यो । पहिलो पञ्चायत व्यवस्था, दोस्रो नेपाली काङ्ग्रेस र तेस्रो कम्युनिस्ट ( पाठक, २०७०, पृ. ५९) ।

प्रकाशन सुरु भएदेखि नै नेपाली मिडियाले स्वतन्त्रता र जनअधिकारलाई पहिलो प्राथमिकतामा राख्दै आए, तर राजदरबारले आफूलाई प्रजातन्त्रवादी भने पनि प्रजातान्त्रिक मूल्य र मान्यताको कहिल्यै पनि कदर नगरेको महसुस मिडियाले गर्‍यो (विरही, २०७९ भदौ ४, अन्तर्वार्ता) विमर्श साप्ताहिकका सम्पादक हरिहर विरहीका अनुसार स्वाभाविक रूपमा मिडियाहरू भविष्यका लागि र व्यावसायिक धर्मका कारण पनि लोकतान्त्रिक मूल्य मान्यताको पक्षमा थिए । राजाको प्रत्यक्ष विरोध गर्न मिल्दैनथ्यो । तर प्रजातन्त्रको पक्षमा बोल्दा सरकारी आक्रमण हुन सक्छ भन्ने थाहा हुँदाहुँदै पनि त्यसको वास्ता नगरेर जनतालाई जागरुक बनाउने र राजालाई जनचाहना विपरीत नजाउ है भनेर सचेत गराउने काम नेपाली मिडियाले गर्दै आयो (विरही : २०७९ भदौ ४, अन्तर्वार्ता) ।

पञ्चायतकालमा दरबारको सहयोगमा सञ्चालित पत्रिका नै सङ्ख्याको दृष्टिले बढी थिए । कम भए पनि सरकार र पञ्चायत विरोधी मिडिया नै लोकप्रिय भए । जसले गर्दा दरबारविरोधी पत्रिकाको मनोबल बढ्दै गयो (विरही : २०७९ भदौ ४, अन्तर्वार्ता ) । २०४६ सालको जनान्दोलनसम्म आइपुग्दा २०१७ सालको तुलनामा नेपाली समाजमा चेतनाको स्तर ह्वात्तै बढेको, जनता आफ्नो अधिकारका बारेमा सचेत भएको र प्रेसको पहुँच र प्रभाव विस्तार भएको अवस्था थियो । २०४६ सालको जनान्दोलनसम्म आइपुग्दा नेपाली प्रेसले पञ्चायत विरोधी र प्रजातन्त्रको पक्षमा जनमत बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । प्रजातन्त्र पुनर्वाहलीको माग गर्दै २०४६ सालमा नेपाली काङ्ग्रेस र संयुक्त वाम मोर्चाले सञ्चालन गरेको राजनीतिक आन्दोलनका पक्षमा जनमत बनाउन नेपाली मिडियाले राम्रै भूमिका निर्वाह गरेको पाइन्छ ।

## सवैधानिक राजतन्त्रमा मिडिया (२०४७-२०६३) सम्म

प्रजातन्त्र पुनर्स्थापनापछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले प्रेस स्वतन्त्रताको ग्यारेन्टि गरिदियो । कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्नु पूर्वप्रतिबन्ध लगाउन नपाउने, कुनै पाठ्यसामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गर्न नपाउने र कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गरे बापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज नहुने संवैधानिक प्रावधान तयार भयो । यसले गर्दा निजी क्षेत्रले मिडियामा लगानी गर्ने वातावरण बन्यो (आचार्य, २०७०, पृ. ४२) ।

निजी क्षेत्रबाट एक दर्जन जति ठुला ब्रोडसिट दैनिक पत्रिका प्रकाशन भए । एफएम रेडियो र नीजी क्षेत्रमा टेलिभिजन स्थापित भए । २०६३-२०६४ सम्म आइपुग्दा कान्तिपुर, नागरिक, अन्नपूर्ण पोस्ट, नयाँ पत्रिका, नेपाल समाचारपत्र, राजधानी दैनिक जस्ता ठुला पत्रिकासहित २५ सय पत्रिका दर्ता भएको देखिन्छ ( पाठक, २०७०, पृ. ६३) । पलपलका सूचना ब्रेक गर्न चलेको प्रतिस्पर्धाका कारण मिडियाले नेपाली समाजको जागरणमा ठुलो मदत गर्न सक्यो ।

प्रजातन्त्र पुनर्स्थापनापछिका दिनमा जनतामाझ प्रजातन्त्रको जननी वेलायतमा समेत उच्च शिक्षा हासिल गरेका तालिम प्राप्त राजा वीरेन्द्रको छवि राम्रो थियो । २०५१ सालको मध्यावधि निर्वाचनपछिका दिनमा राजनीतिमा चरम विकृति पैदा भयो । दलहरू सरकार बनाउने र भत्काउने खेलमा रमाइरहेका थिए । छ, छ महिनामा सरकार परिवर्तन भए, सांसदहरू भेडा बाख्राझैँ बिक्री हुन थाले, सरकार टिकाउन सांसदहरूलाई आकर्षक मन्त्रालय दिने, विदेश सयर गराउने, सुरा सुन्दरीको व्यवस्था मिलाउने, भन्सार सुविधानमा महङ्गा गाडी दिने जस्ता विकृति देखिए जसका कारण जनतामा निरासा पैदा भयो । मिडियाको शक्ति र पहुँच असाधारण रूपमा बढेको अवस्था थियो । सरकार, संसद र जनप्रतिनिधिले खेलेको भूमिकाबारे मिडियाले रिपोर्टिङ गरिरहेको थियो । जसका कारण जनतामा निरासा पैदा भएको थियो । संसदीय व्यवस्थामा देखिएको विकृतिलाई आधार बनाएर माओवादीले २०५२ फागुन १ गतेदेखि सुरु गरेको सशस्त्र विद्रोह उत्कर्षमा पुग्यो । यही कारणले राजतन्त्रको लोकप्रियाता बढ्दै गएको थियो । राजा वीरेन्द्र संसदवादीलाई माओवादी र माओवादीलाई संसदवादी देखाएर २०४७ को संविधानमा गुमेका राजाका अधिकार पुनर्स्थापित गर्ने रणनीतिमा थिए । त्यही वेला २०५८ जेठ १९ गते भएको दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको वंशनाश भयो । त्यसपछिका दरबारका कुनै पनि सदस्यले जनताको सम्मान र आस्था आर्जन गर्न सकेनन् (विरही : २०७९ भदौ ४, अन्तर्वार्ता) । राजा वीरेन्द्रको हत्यापछि दरबारभित्रको विकृति मिडियामार्फत जनतामा छताछुल्ल भयो । त्यसपछि राजा हुने भनिएका दीपेन्द्रमाथि हत्याको आरोप लगाइयो ।

दीपेन्द्रको मृत्युपछि प्रजातन्त्रप्रति अत्यन्त अनुदार छविका अधिराजकुमार ज्ञानेन्द्र राजा भए । व्यापारिक छविका उनले गद्दीमा आसीन भएपछि जनताको मन जित्नेतर्फ पटक्कै ध्यान पुऱ्याउन सकेनन् । न त राजा वीरेन्द्रको शासनकालमा दरबारले आर्जन गरेको विश्वास जोगाउन सके । पत्रकार हरिहर विराहीका अनुसार- नयाँ राजाले आफू र राजपरिवारका सदस्यको भत्ता, सुविधा बढाउने, वीरेन्द्रको नामको सम्पत्तिमाथि आँखा गाड्ने, श्रुतिको नामको जग्गा जमिन छोरीको नाममा सार्ने र समाजले राजनीतिक रूपमा घृणा गर्ने पात्र डा.तुलसी गिरीलाई ल्याएर मुलुकलाई फेरि अधिनायकवादी दिशामा लैजाने काम गरे (२०७९ भदौ ४, अन्तर्वार्ता) । दरबार हत्याकाण्डपछि राजसंस्थाको विश्वसनीयतामा आएको ह्रास कम गर्ने र राजतन्त्रप्रति विश्वास जागृत गराउनु पर्ने वेला राजा ज्ञानेन्द्र शक्ति हत्याउनेतर्फ केन्द्रित भए । २०५९ असोज १८ मा जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गरी आफूखुसी लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा हुँदै फेरि शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्त गरे ।

राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा पुन शेर बहादुर देउवालाई बर्खास्त गरी शासन सत्ता हातमा लिएर निरङ्कुश शासन सुरु गरे । उनले सुरुदेखि नै संवैधनिक राजतन्त्रप्रति अटल रहँदै आएको पार्टी नेपाली काङ्ग्रेस र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको विश्वासलाई विश्वासमा लिन सकेनन् । त्यतिवेला बलियो जनमत भएका दुवै पार्टीका नेताहरूको मानमर्दन गर्नमा बढी शक्ति लगाए । त्यसै गरी विद्रोही नेकपा माओवादीसँग विश्वासको वातावरण बनाउन पनि राजा ज्ञानेन्द्र पूर्णतः असफल रहे ।

राजा ज्ञानेन्द्रले २०४७ सालपछि प्रेस स्वतन्त्रताको भरपुर उपभोग गरिरहेको नेपाली प्रेसमाथि कठोर सेन्सरसिप लगाए । जसका कारण व्यावसायिक रूप धारण गरिकेको प्रेस मर्नु न बाँच्नुको अवस्थामा पुग्यो (त्रिपाठी (२०७९, भदौ ८, अन्तर्वार्ता) घटना र विचार साप्ताहिकका सम्पादक देवप्रकाश त्रिपाठीका अनुसार राजा ज्ञानेन्द्रको पालामा सेना लगाएर मिडियामाथि गरिएको सेन्सरसिप पञ्चायतकोभन्दा निक्कै कठोर थियो ।

**२०४६ देखि २०६५ सालसम्म दर्ता भएका पत्रिका**

| बर्ष | दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | जम्मा |
|---|---|---|---|---|---|
| २०४५-०४६ | ६२ | १ | ३७० | ४८ | ४८१ |
| २०४७-०४९ | ९६ | ३ | ५०६ | ५१ | ६५६ |
| २०४९-०५१ | ११२ | ३ | ५७१ | ५५ | ७४१ |
| २०५५-०५६ | २०० | ११ | ९९४ | १९३ | १३९८ |
| २०६०-०६१ | २९८ | २५ | १४४२ | २७३ | २१८१ |
| २०६४-०६५ | ३८६ | २३ | १८७१ | ३२१ | २६०१ |

*श्रोतः* मिडिया रिडर, २०७०, पृ.६३

सुरुमा केही समय ठुला लगानीका मिडियाले शाही कदमको विरोधमा लेख्न, बोल्न सकेनन् । तर साना लगानीका साप्ताहिक र माओवादीले भूमिगत रूपमा चलाएका जनादेश, जनदिशा जस्ता पत्रिकाले राजतन्त्रको विरोध र गणतन्त्रको पक्षमा जनमत बनाउन ठुलो भूमिका निवाह गरे (त्रिपाठी : २०७९ भदौ ८, अन्तर्वार्ता) । २०६१ सालपछि नेपाली आमसञ्चार जगत् किन राजाका निम्ति आइडियोलोजिक राज्य संयन्त्र बन्न सकेनन् वा किन सहयोगी हुन सकेनन् भन्ने प्रश्नमाथि चर्चा गर्दै अर्याल (२०६९) उल्लेख गर्दछन्, प्रथमतः यस सन्दर्भमा कामदार पत्रकार वा पत्रकार व्यक्ति, बहुलवादी राजनीतिक पृष्ठभूमिबाट आएका पत्रकारहरूको नेतृत्व रहेको पेसागत सङ्गठन र उद्योगका रूपमा स्थापित सञ्चार गृहको फरक फरक भूमिकालाई छुट्ट्याएर मूल्याङ्कन गर्नु पर्ने हुन्छ । दोस्रो कुरा, अस्वाभाविक ढङ्गले शङ्का र घृणा झेल्दै सिंहासनमा पुगेका ज्ञानेन्द्रले सात सालदेखि राजनीतिक सम्मान र मान्यता पाएका दुई ठुला राजनीतिक धारलाई पन्छाएर सत्ता त हातमा लिए । तर अन्तर्राष्टिय जगत्ले उनको कदमलाई वैधता दिएन । घरभित्रदेखि अन्तर्राष्टिय जगत्सम्म उनी असफल हुँदै गएपछि उनको राजनीतिक अवसान टाढा नरहेको सबैले अनुभूत गर्न थाले । उद्योगका रूपमा सञ्चालित सञ्चार गृहहरू पनि राजाको समर्थन नगर्दा नै भविष्य राम्रो हुने देख्न थाले । तेस्रो कुरा, बहुलवादी संस्कारमा हुर्किएका निजी सञ्चार गृहका सञ्चारकर्मीहरूले राजाको हैकमवादी शासनमा निसास्सिएको अनुभव गरे । त्यो ऐँठनको प्रतिविम्ब उनीहरूको लेखन वा प्रस्तुतिमा पर्‍यो । चौथो कुरा, लेखक, बुद्धिजीवी अनि पत्रकारसहित सम्पूर्ण नेपाली समाज अभूतपूर्व रूपमा राजाविरोधी आन्दोलनमा ओर्लिएपछि पाठक, दर्शक वा स्रोताको सधैँ पुरै वेवास्ता गर्न नसक्ने वा प्रोपिपुलदेखि नै पर्ने व्यावसायिक पत्रकारिताको बाध्यताले गर्दा राजनको शासनसँग ठुला लगानीका सञ्चार माध्यमका पनि तितो घर्ष्षण सुरु भयो (पृ. ११७-११८) ।

शाही कदमको समर्थन गर्ने मिडियालाई मात्र आर्थिक सहयोग गर्ने र व्यावसायिक मिडियामाथि आर्थिक नाकाबन्दी लगाउने नियतका साथ सरकारले एकद्वार विज्ञापन नीति लागु गर्‍यो । यी घटनाले नेपाली मिडिया दरबार विरुद्ध जनमत बनाउन लागिरहेको थियो भन्ने देखिन्थ्यो । राजाको समर्थनमा लेख्ने पत्रिकाको बजार घट्दै गयो र आलोचना गर्ने मिडियाको लोकप्रियता बढ्नै गयो । त्यसैले पनि राजाको पक्षमा सहानुभूति राख्ने मिडियाले समेत दरबारको पक्ष लिँदा बजार गुमाउनु पर्ने परिस्थिति बन्यो जसका कारण कतिपय मिडियाले राजाको पक्षमा लेखेर जोखिम उठाउने हिम्मत गर्न सकेनन् ।

नेपाल अधिराज्यको संविधान २०४७ ले राजा र राजपरिवारका सदस्यहरूको चरित्रमा असर पर्ने गरी समाचार सामग्री प्रकाशनमा रोक लगाए पनि व्यावसायिक मिडियाले शिष्ट र साङ्केतिक रूपमा राजतन्त्र विरोधी जनमत बनाउने काम गरे। माओवादीले भूमिगत रूपमा चालएका मिडियाले दरबारप्रति अनास्था फैलाउने खालका सन्देश आक्रामक रूपमार्फत जनतामा पुऱ्याइरहेका थिए। २०६१ माघ १९ मा मुलुकको कार्यकारी अधिकार हातमा लिएपछि राजा ज्ञानेन्द्रले सेना लगाएर मिडियामा कडा सेन्सरसिप लगाए। स्वतन्त्र मिडियामाथि आर्थिक नाकाबन्दी सुरु भयो। पत्रकारहरूलाई जेल हालियो। कैयौँले रोजगारी गुमाउनु पऱ्यो। जसका कारण नेपाली मिडियाले गणतन्त्रको मुद्दालाई प्राथमिकता दिन थाल्यो। पत्रकारिता र लोकतन्त्र एक अर्काका परिपूरक हुन्। पत्रकारितालाई राज्यको चौँथो अङ्गका रूपमा त्यो वेला मात्र भूमिका निर्वाह गर्न सक्छ, जुन वेला यसले आलोचनात्मक भूमिका निर्वाध रूपमा निभाउन सक्ने वातावरण पाउँछ। यस्तै विविध कारणले गर्दा नेपाली मिडिया आफ्नो खोसिएको अधिकार प्राप्तिका लागि आन्दोलनमा सहभागी भए (निष्ठुरी, २०६४, पृ. ८)। राजाका क्रियाकलापमाथि निगरानी राख्ने, जनतालाई सचेत गराउने भूमिका मिडियाले प्रभावकारी रूपमा निर्वाह गऱ्यो। यस सन्दर्भमा दरबार हत्याकाण्डपछि माओवादी नेता बाबुराम भट्टराईको 'नयाँ कोतपर्वलाई मान्यता दिनु हुँदैन' भन्ने लेख र २०६१ माघ १९ गतेपछि काङ्ग्रेस नेता रामचन्द्र पौडेलको 'अभिशप्त इतिहासलाई उल्टाइदिऊँ' शीर्षकका लेखहरूले कान्तिपुर दैनिकलाई राजतन्त्र विरोधी कित्तामा उभ्याइदियो।

## निष्कर्ष

नेपाली जनताले भारतको शरणमा गएका राजा त्रिभुवनलाई २००७ सालको क्रान्तिमार्फत गद्दीको उत्तराधिकारी बनायो। शाहीकालमा नेपाली मिडियाले कडा सेन्सरसिप भोग्नु परेका कारण अन्तरिम संविधान २०६३ मा कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण पूर्व प्रतिबन्ध नलगाउने र कुनै समाचार वा विचार प्रकाशन वा प्रसारण गरेबापत् सञ्चार माध्यम बन्द वा जफत गर्न नपाइने र सञ्चार माध्यमको दर्ता खारेज गर्न नपाउने व्यवस्था भयो। त्यसै गरी २०६४ जेठ ४ को प्रतिनिधिसभाले संविधानसभाको पहिलो बैठकले राजतन्त्रको भविष्यका बारेमा निर्णय नगर्दासम्मका लागि राजतन्त्रलाई निलम्वन गऱ्यो। यो घटनापछि राजतन्त्रको पक्ष विपक्षमा लेख्न नेपाली प्रेसले धक मान्नु पर्ने अवस्थाको अन्त्य भयो। प्रेस मैत्री वातावरण बनेपछि संविधानसभाको राष्ट्रिय एजेन्डा सफल तुल्याउन नेपाली प्रेस आफ्नो पेसागत मर्यादा र सीमाभित्र रहेर निरन्तर क्रियाशील भयो। संविधानसभामा गणतन्त्र पक्षधर दल विजयी भए र २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य गरिदियो। २०६१ माघ १९ गतेपछि केही साता स्तव्ध बन्न पुगेका नेपालका व्यावसायिक मिडियाहरू सात दलको आन्दोलनले गति लिन थालेपछि क्रमशः राजतन्त्रविरोधी कित्तामा उभिन थाले र राजतन्त्र अन्त्यको घोषणालाई आमरूपमा नेपाली मिडियाले व्यापक स्वागत गरेका थिए।

## सन्दभ सामग्री

आचार्य, प्रकाश (२०७०), व्यावसायिक पत्रकारिता (२०४६-२०७०), *मिडिया रिडर,* (सं.अर्याल, दीपक, केसी, भूवन र पाठक, तिलक) जगदम्बा प्रकाशन।

कोइराला, तारिणीप्रसाद (२०६१), रेडियो नेपालको जन्म, *रेडियो नेपालको सामाजिक इतिहास,* मार्टिन चौतारी, ५५-६८।

कोइराला, बी. पी. (२०६७), *आत्मवृत्तान्त,* जगदम्बा प्रकाशन ।

खड्का, संगिता (लेखन, सङ्कलन) (२०७७), *प्रेस काउन्सिलका पचास वर्ष,* प्रेस काउन्सिल, नेपाल ।

खरेल, परसुराम, (२०१०), *पोलिटिकल कम्युनिकेसन,* सङ्गम इन्टिच्युट ।

गौतम, राजेश (२०५५), *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्ग्रेस (भाग १),* श्रीराम श्रेष्ठ, कृष्णमुरारी अधिकारी ।

जोशी, रामहरि (२०४८), नेपालको नोभेम्वर क्रान्ति, *अन्तरराष्ट्रिय मञ्च,* त्रिपाठी, देवप्रकाश, पत्रकारसँग मिति २०७९ भदौ ८ मा लिइएको अन्तर्वार्ता ।

दाहाल, होमनाथ पत्रकारसँग मिति २०७९ भदौ २ मा लिइएको अन्तर्वार्ता ।

दीक्षित, मदनमणि समीक्षा साप्ताहिकका सम्पादकसँग मिति २०६३ असोज २४ मा लिइएको अन्तर्वार्ता ।

देवकोटा, ग्रीष्मबहादुर (२०५९), *नेपालको छापाखाना तथा पत्रपत्रिकाको इतिहास* (तेस्रो संस्करण), साझा प्रकाशन ।

नेपाल, किशोर (२०५७), जनमतसङ्ग्रहदेखि जनआन्दोलनसम्म, *नेपाली पत्रकारिताको विकास र प्रभाव,* व्यावसायिक पत्रकारिता प्रतिष्ठान ।

निष्ठुरी, विष्णु (२०६४), सर्वशक्तिमान संसदको उदासिनता, *प्रेस स्वतन्त्रता, लोकतन्त्रको एक वर्ष,* नेपाल पत्रकार महासंघ केन्द्रीय समिति, ६३-६६ ।

वाटसन् जे. (२००४), *मिडिया कम्युनिकेसन : एन इन्ट्रोडक्सन टू थ्योरी एन्ड प्रोसेस,* दोस्रो संस्करण, पालग्रेभ ।

विरही, हरिहर (२०६०), *प्रकाशनको दिग्दर्शन,* (चौथो संस्करण), प्रेस काउन्सिल नेपाल ।

विरही, हरिहर पत्रकारसँग मिति २०७९ भदौ ४ मा लिइएको अन्तर्वार्ता ।

म्याक्वेल, डेनिस (२०६७), *मास कम्युनिकेसन थ्यौरी,* सेज पव्लिकेसन्स ।

नेपाल, गणतन्त्र दिवस २०६९, (वर्ष, ४२, अङ्क ५, पूर्णाङ्क १६१, चैत्र २०६८, बैसाख २०६९), सूचना तथा प्रशाण विभाग ।

पाठक, तिलक (२०७०), साप्ताहिक पत्रकारिता (१९५८-२०७०), *मिडिया रिडर,* (सं. अर्याल, दीपक, केसी, भूवन र पाठक, तिलक), जगदम्बा प्रकाशन ।